# नेपाल प्रहरी अस्पताल
# स्कूल अफ हेल्थ साइन्सेज

## ( CTEVT बाट सम्बन्धन प्राप्त )

## PCL Nursing(Staff Nurse)कार्यक्रममा अध्ययन गर्न

# भर्ना खुल्यो

**१ दिन म्याद थप**

नेपाल प्रहरी अस्पताल स्कुल अफ हेल्थ साईन्सेज,महाराजगंज, प्रमाण पत्र तह ३ वर्षे नर्सिङ्मा शैक्षिक सत्र २०८०/०८१ का लागि निर्धारित कोटामा अध्ययन गर्न चाहनेले प्रवेश परीक्षाको लागि दरखास्त को म्याद मिति २०८०/०४/१४ सम्म थप भएकोले जानकारीको लागि अनुरोध ।

**सम्पर्क नं:** 01-4002576 || 9851290945

https://nph.nepalpolice.gov.np

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०८०/०८१ मा डिप्लोमा तथा प्रमाणपत्र र प्रि-डिप्लोमा तहको प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्ने म्याद थप गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८०।०४।१२ गते)

उपर्युक्त सम्वन्धमा यस परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक शत्र २०८०/०८१ का लागि परिषद्का आंगिक, साझेदारी, टेक्स तथा निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षालयहरुमा डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहका सम्पुर्ण कार्यक्रमहरुमा मिति २०८०।०३।२८ गतेको र मिति २०८०।०३।२९ गतेको गोरखापत्र राष्ट्रिय दैनिक तथा www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार **डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको पुर्ण शुल्कीय तथा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको** आवेदन फाराम भर्ने अन्तिम मिति २०८०।०४।१२ गते शुक्रवार सम्म तोकिएकोमा मिति २०८०।०३।२८ र २९ गते प्रकाशित सूचनाका अन्य सम्पुर्ण शर्तहरु लागू हुने मिति २०८०।०४।१२ गतेको निर्णयानुसार आवेदन फाराम भर्ने म्याद देहाय बमोजिम हुने गरी थप गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### पुर्ण शुल्कीय तर्फ :

१. डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहको पुर्ण शुल्कीय तर्फको **आवेदन फाराम भर्ने अन्तिम मिति २०८०।०४।१४ गते** आईतवार सम्म ।

२. शिक्षालयहरुले **शुल्क बापतको रकम बुझाउने अन्तिम मिति २०८० श्रावण १५ गते सोमवार कार्यालय समय भित्र ।**

३. परीक्षार्थीले भरेका आवेदन फारामहरु सम्वन्धित **शिक्षालयहरुले २०८० श्रावण १५ गते सोमवार कार्यालय समय भित्र** प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा Submit गरी सक्नुपर्नेछ । परीक्षार्थीले भरेको आवेदन फाराम सम्वन्धित शिक्षालयले तोकिएको मिति र समय भित्र ITMS Online मा Submit नभएमा सो आवेदन फाराम स्वीकृत हुने छैन र त्यस्ता परीक्षार्थीलाई योग्यताक्रमको सूचीमा समावेश गरिने छैन । सो को जिम्मेवार सम्बन्धित शिक्षालय हुनेछ ।

४. **प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा हुने मिति** : २०८०।०४।२४ गते बुधवार दिउंसो १:०० बजे ।

५. **डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा हुने मिति** : २०८०।०४।२४ गते बुधवार बिहान ८:०० बजे ।

६. **परीक्षा केन्द्रः**

(क) प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तह **सामान्य चिकित्सा, फार्मेसी र नर्सिङ्ग बाहेकका** कार्यक्रमहरुको प्रवेश परीक्षा सम्वन्धित शिक्षालयहरुमा हुनेछ ।

(ख) डिप्लोमा/प्रमाणपत्र तह **सामान्य चिकित्सा, फार्मेसी र नर्सिङ्ग कार्यक्रमहरुको** परीक्षा केन्द्र मिति २०८०।०४।१७ गते प्रकाशित गरिनेछ ।

### वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ :

१. डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको **आवेदन फाराम भर्ने अन्तिम मिति २०८०।०४।१४ गते** आईतवार सम्म ।

२. परीक्षार्थीले Online माध्यमबाट प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा २०८०।०४।१४ गते राती १२:०० बजे सम्ममा Submit गरी सक्नुपर्नेछ । तोकिएको मिति र समय भित्र ITMS Online मा Submit नभएमा सो आवेदन फाराम स्वत रद्ध हुनेछ ।

३. **प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा हुने मिति** : २०८०।०४।२० गते शनिवार दिउंसो १:०० बजे ।

४. **डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा हुने मिति** : २०८०।०४।२० गते शनिवार बिहान ८:०० बजे ।

५. **परीक्षा केन्द्रः**

(क) प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तह **कार्यक्रमहरुको** परीक्षा केन्द्र मिति २०८०।०४।१५ गते प्रकाशित गरिनेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**